**NEW TOOLS FOR A NEW WAY OF LIFE** नयाँ जीवनशैलीका निमित्त नयाँ सामग्री

**Bhutanese Nepali Script** भुटानी नेपाली भाषान्तरण

**SCENE 100** दृश्य १००

**MAYA SAPKOTA- NEPALI DAUGHTER** माया सापकोटा - नेपाली छोरी

आमा टीका नलाएकै बेस, मलाई विद्यालय जानु छ, त्यहाँ मलाई सबैले जिस्क्याउनेछन् ।

**SUNITA SAPKOTA- NEPALI MOTHER** सुनिता सापकोटा - नेपाली आमा

म बुझ्छु, साना नानीहरू अझै अप्ठ्यारो व्यवहार देखाउने छन् । कुरो साँचो हो ।

यहाँ राम्ररी निदाउनुभयो त ?

**RESHMA DAHAL-NEPALI GRANDMOTHER** रेशमा दाहाल - नेपाली हजुरआमा

बिहानको समय

**SUNITA SAPKOTA- NEPALI MOTHER** सुनिता सापकोटा - नेपाली आमा

अझै दिक्क ?

तपाईंले बस भेट्टाउनुपर्छ, खाना लिनुपर्छ र चाहिने सामान लिनुपर्छ र जानुपर्छ ।

**MAYA SAPKOTA- NEPALI DAUGHTER** माया सापकोटा - नेपाली छोरी

आमा मलाई फोन चाहियो । दिनुहुन्छ ?

**RESHMA DAHAL-NEPALI GRANDMOTHER** रेशमा दाहाल - नेपाली हजुरआमा

होइन यो फोनमा के छ त्यस्तो ? सबैसित हात हातमा फोन । फोनमै किन झुन्डिरहनुपर्ने हो ?

**SUNITA SAPKOTA- NEPALI MOTHER** सुनिता सापकोटा - नेपाली आमा

साँच्चै नभई नहुने हो भने म तिम्रो बुवासँग कुरा गरूँला, अहिले जाउ ।

What did the Doctor say? You came home with your jaw clenched, I know that look.

(Nepali translation is missing here)

**RESHMA DAHAL-NEPALI GRANDMOTHER** रेशमा दाहाल - नेपाली हजुरआमा

उनले मलाई मेरो बारेमा अप्ठ्यारा र लाज लाग्ने प्रश्नहरू गरे । जब मैले उनलाई कहिलेकाहीँ रगत देखा पर्छ भनेर भने उनले मेरो जाँच गर्न चाहे । उनले एउटा विशेष परीक्षण गर्ने कुरा पनि उनले गरे । मैले चाहिँ अहिले नगर्ने भन्ने कुरा गरेँ र म त्यहाँबाट हिँडेँ । एउटा अपरिचित बिरानो मानिसलाई आफ्नो जाँच गर्न दिने कुरा मेरा लागि साह्रै खट्किने, अप्ठ्यारो र असुहाउँदो काम थियो ।

**SUNITA SAPKOTA- NEPALI MOTHER** सुनिता सापकोटा - नेपाली आमा

आमा, उनी बिराना मानिस होइनन् । उनी त डाक्टर हुन् । उनले जाँच गर्नुपर्छ भनेपछि जाँच गर्नु जरूरी भएर नै हो । उनलाई जाँचेर जानकारी लिन मन लागेको हो ।

**RESHMA DAHAL-NEPALI GRANDMOTHER** रेशमा दाहाल - नेपाली हजुरआमा
अलिकति रगत देखिएको त हो नि । अरू केही होइन र दुख्दा पनि त दुख्दैन । घरमा भए त म झाँक्रीकहाँ जान्थेँ र सानो पूजा गर्थें, कसैले मलाई छुँदा पनि छुँदैनथ्यो ।

म बेसार लाउँछु, ठिक भइहाल्छु नि ।

**SUNITA SAPKOTA- NEPALI MOTHER** सुनिता सापकोटा - नेपाली आमा

आमा, यहाँ कुरै फरक छ क्या । यहाँ सब सर सामान नयाँ छन् । हामीसँग कार छ, हामी भुटान वा नेपालमा कार थियो त ? हामीसँग मोबाइल फोन पनि छ । हामी ट्राम चढ्न पाउँछौं । घरमा नभएका थुप्रै कुरा यहाँ हामीसँग छन् । जे उपलब्ध छ, सजिलै पाइन्छ, त्यो त प्रयोग गर्नुपरिहाल्यो नि ।

**<u>SCENE 101</u>**
<u>दृश्य १०१</u>

**SUNITA SAPKOTA- NEPALI MOTHER** सुनिता सापकोटा - नेपाली आमा
क्लिनिकमा  बोलाएको छ र उनीहरूले तपाईंको जाँच गर्ने रे अनि स्तनको जाँच पनि गर्ने रे ।

**RESHMA DAHAL-NEPALI GRANDMOTHER** रेशमा दाहाल - नेपाली हजुरआमा
आ....., नाइँ । कस्तो अप्ठ्यारो लाग्ने काम । म डाक्टरसँग कुरै गर्न सक्दिनँ । एउटा लोग्ने मानिसलाई तल त्यस्तो ठाउँमा कसरी हेर्न दिने ? मलाई पिर लाग्छ डर लाग्छ अनि त्यो स्तन जाँच भनेको के नि ?

**MAYA SAPKOTA- NEPALI DAUGHTER** माया सापकोटा - नेपाली छोरी

मेरो धेरै काम छ । आमाको फोन हेरूँ त । म गुगल गर्छु । अँ, विकिपिडिया छ अनि यु ट्युब भिडियो पनि त छ नि ।

**SUNITA SAPKOTA- NEPALI MOTHER** सुनिता सापकोटा - नेपाली आमा
आमा, क्लिनिकमा महिला डाक्टर पनि हुन्छन् अनि महिला दोभासे पनि । कुरा यत्ति हो कि हामीले बेलैमा सबै कुरा खुलस्त पार्नुपर्छ । मैले त गर्भाशय र स्तन दुवैको जाँच गरिसकेकी छु । यी जाँचमा कत्ति पनि दुख्दैन ।

**RESHMA DAHAL-NEPALI GRANDMOTHER** रेशमा दाहाल - नेपाली हजुरआमा
के मलाई महिला डाक्टरले नै हेरिदिनुपर्छ भनेमा मलाई हेर्न चाहने डाक्टर चित्त दुखाउने त होइनन् ?

**SUNITA SAPKOTA- NEPALI MOTHER** सुनिता सापकोटा - नेपाली आमा
होइन, तिनीहरूले कुरा बुझेका छन् । तिनीहरूले गर्नुपर्ने काम कति छ कति, ती बुझिहाल्छन् नि ।

**MAYA SAPKOTA- NEPALI DAUGHTER** माया सापकोटा – नेपाली छोरी
पाठेघर वा त्यसवरपरको क्यान्सरको जाँचको लागि गर्भाशय जाँच र स्तनजाँच नियमित रूपमा गर्नुपर्छ रे क्या । अँ अलिकति अप्ठ्यारो, हजुरको ...... भित्र उनीहरूले मासु कोतर्ने वस्तु चाहिँ घुसाउँछन् है । यसमा यसो पनि भनिएको छ .... उनीहरूले भित्र हेर्छन् र क्यान्सर हो कि होइन भनेर केही जीवकोश निकाल्छन् । २१ वर्षदेखि ६५ वर्षसम्मका महिलाले यस्तो जाँच गर्नैपर्छ रे । बेलैमा पत्ता लागेमा यस्तो क्यान्सर निको पार्न सकिन्छ रे ।

**RESHMA DAHAL-NEPALI GRANDMOTHER** रेशमा दाहाल - नेपाली हजुरआमा
के हो जीवकोश ? अनि के हो यो क्यान्सर भनेको ? क्यान्सर भएको त म हेर्न चाहन्नँ नि ।

**SUNITA SAPKOTA- NEPALI MOTHER** सुनिता सापकोटा - नेपाली आमा
मलाई थाहा छ आमा तपाईंको निम्ति यो जाँच किन जरूरी छ । मैले मेरो खोकीको पुनः जाँच गर्नु छ । अब मलाई पनि जानु नै छ भने आमाको र मेरो लागि सँगसँगै डाक्टरसँग समय किन नलिने

**MAYA SAPKOTA- NEPALI DAUGHTER** माया सापकोटा - नेपाली छोरी
ए हो त नि । यो जीवविज्ञानमा पढेकै त हो नि । सेल वा जीवकोश भनेका हाम्रो शरीरका ससाना टुक्रा हुन् । शरीरको हरेक अङ्ग जीवकोशले त बन्छ नि । तिनीहरूले यिनैबाट सानो अंश निकाल्छन् । क्यान्सर त्यसबेला हुन्छ जब यी जीवकोश अनियन्त्रित र हानिकारक रूप लिएर ट्युमरका रूपमा देखा पर्छन् ।यो जाँच चाहिँ सुरूमै क्यान्सर पत्ता लगाउन र ठुलो रूप लिनुअघि त्यसको उपचार गर्नका निम्ति गरिन्छ ।

ई..., यो भिडियो दृश्य हेरौँ न ।
मेरो आफ्नै फोन भएको भए त अझ कति सजिलो हुन्थ्यो कति .....

**SCENE 200**

दृश्य २००

**PAW LAH THAW- KAREN MOTHER**

पव् लह् थाउ - करेन आमा

नमस्ते । म मेरो भेट्ने समयको लागि बुझ्न आएकी ।

**RECEPTIONIST**

स्वागतकर्मी

नमस्ते श्रीमती थाउ । हजुर, तपाईंको डाक्टर थाउसित ३ बजे भेट्ने समय रहेको छ ।

तपाईंलाई जाँच्न पठाइहाल्छु है त । फोनमा दोभासेको व्यवस्था पनि गरिदिन्छु ।

**PAW LAH THAW- KAREN MOTHER**

पव् लह् थाउ - करेन आमा

मेरी आमाको गर्भाशयद्वार र तल्लोपेटसँग सम्बन्धित जाँच गर्नुपर्ने थियो तर उहाँ साह्रै लज्जालु हुनुहुन्छ । डाक्टरसाहेबसँग समय मिलाउन सकिन्छ त ?

**RECEPTIONIST**

स्वागतकर्मी

भइहाल्छ नि । अर्को बिहीबार डाक्टर थम्प्सनको समय मिल्छ । एक छिन है म काम सिध्याइहालूँ ।

**PAW LAH THAW- KAREN MOTHER**

पव् लह् थाउ - करेन आमा

उहाँ पुरूष डाक्टर त हुनुहुन्न कतै ? आमा पुरूष डाक्टरसित साह्रै लजाउनुहुन्छ । महिला डाक्टर मिलाउन सकिन्छ कि ?

**RECEPTIONIST**

स्वागतकर्मी

हुन त हो, तर उहाँको समय मिलाएको महिला डाक्टर त डाक्टर चिन हुनुहुन्छ । उहाँसँगै जँचाउने हो भने दुई हप्ता लाग्छ । हुन्छ त ? चाँडै नै जँचाउनुपर्ने त छैन ?

**PAW LAH THAW- KAREN MOTHER**

पव् लह् थाउ - करेन आमा

भइहाल्यो । उहाँलाई दुखिरहेको छ । महिला दोभासे चाहिँ मिलाउन सकिन्छ त ?

**RECEPTIONIST**

स्वागतकर्मी

उहाँलाई दुखेको छ भने डाक्टर चिन आजै हेर्न सक्नुहुन्छ । त्यही समय मिलाएको भए त फोनबाटै दोभासेको व्यवस्था गर्नुपर्ने हुन्छ तर केही दिनअघि नै अग्रिम रूपमा समय लिएको भए चाहिँ महिला व्यक्ति दोभासे पाउन पनि कठिन हुँदैन । मैले भनेँ नि, साह्रै दुखेको छ र डाक्टरसाहेबको फुर्सद हेरेर आजै  जँचाउनु छ भने जस्तो मिल्छ त्यसैमा चित्त बुझाउनुपर्छ ।

**PAW WAH SAY- KAREN GRANDMOTHER**

पव् वाह् से - करेन हजुरआमा

के भन्दैछिन् यिनी ?

**PAW LAH THAW- KAREN MOTHER**

पव् लह् थाउ - करेन आमा

आमा, उहाँले भन्नुभएको, दुई हप्ता अझै पर्खने हो भने जाँच्ने डाक्टर पनि महिला र दोभासे पनि महिला मिलाउन सकिन्छ तर डाक्टरसाहेबको पहिल्यै तोकिएको काम सिद्धिइसकेपछिको हकमा आजै दिउँसोको समय अहिल्यै मिलाउन सकियो भने डाक्टर त महिला नै हुनुहुन्छ तर फोनमा दोभासेको काम गर्ने चाहिँ पुरूष पनि पर्न सक्छ ।

**PAW WAH SAY- KAREN GRANDMOTHER**

पव् वाह् से - करेन हजुरआमा

हामी आइहाल्यौँ, आजै गरौँ न त ।

**PAW LAH THAW- KAREN MOTHER**

पव् लह् थाउ - करेन आमा

(स्वागतकर्मीतिर फर्केर)
धन्यवाद । अलि पर्खेर पछि नै भए पनि उहाँ आजै डाक्टर चिनसँग जँचाउन चाहनुहुन्छ रे ।

**RECEPTIONIST**

स्वागतकर्मी

ठिक छ । उहाँ दिउँसोको समयमा डाक्टर चिनलाई भेट्न पाउनुहुन्छ ।

**MUMU THAW- KAREN DAUGHTER**

मुमु थाउ - करेन छोरी

अँ, .... श्रीमती जोन्स, श्रीमती टर्नर, श्रीमती थाउ, श्रीमती से .....

**PAW WAH SAY- KAREN GRANDMOTHER**

पव् वाह् से - करेन हजुरआमा

के गर्दै छ्यौ ? तिमीलाई के भएको छ ..... ?

**SCENE 201**
दृश्य २०१

**SUNITA SAPKOTA- NEPALI MOTHER** सुनिता सापकोटा – नेपाली आमा

नमस्कार । म सुनिता सापकोटा । म यहाँ मेरो जाँचको लागि र मेरी आमाको पनि जाँचको लागि समय लिएर आएकी ...

**RECEPTIONIST**
स्वागतकर्मी

नमस्कार सुनिताजी । हजुर, तपाईँहरूको ३:३० बजेको समय निश्चित भएको छ । म तपाईँहरू दुवै जनालाई अहिले जाँच गरिदिँदै छु ।

**SUNITA SAPKOTA- NEPALI MOTHER** सुनिता सापकोटा – नेपाली आमा

धन्यवाद । हामी दुवैको गर्भाशय र स्तन जाँच पनि गर्नु छ । त्यसको खर्च पो कति लाग्ने होला ?

**RECEPTIONIST**
स्वागतकर्मी
हजुर, अँ ...., तपाईँहरू दुवै जनाको चिकित्सा बिमा गरिएको रहेछ । चिकित्सासहयोग र सबै बिमाहरू लगाएर यो खर्च भ्याइहाल्छ, थप खर्च लाग्दैन ।

**SUNITA SAPKOTA- NEPALI MOTHER** सुनिता सापकोटा – नेपाली आमा

यो जाँचका लागि मैले अब कत्ति पनि तिर्नुपर्दैन भन्न खोज्नुभएको हो त यहाँले ?

**RECEPTIONIST**
स्वागतकर्मी

जहाँसम्म मलाई लाग्छ तिर्नुपर्दैन होला । बिमा कम्पनीलाई बिल पेस गरिसकेपछि पक्का कुरा थाहा भइहाल्छ । गर्भाशय र स्तन जाँच महँगा जाँच हुन् तर पनि बिमारकमबाटै तिर्न सकिने खालका हुन्छन् ।

**SUNITA SAPKOTA- NEPALI MOTHER** सुनिता सापकोटा – नेपाली आमा

धन्यवाद । यो कुरा थाहा पाइराख्नु राम्रो हो ।
**RECEPTIONIST**
स्वागतकर्मी

साधुवाद यहाँलाई । यहाँहरू दुवै जना प्रतीक्षालयमा बस्न सक्नुहुन्छ । यहाँको र यहाँकी आमाको जाँच्ने समय भएपछि हामी बोलाइहाल्छौँ ।

**SUNITA SAPKOTA- NEPALI MOTHER** सुनिता सापकोटा – नेपाली आमा

तपाईँकहाँ दोभासेहरू छन् र **?**

**RECEPTIONIST**
स्वागतकर्मी

हजुर, आज तपाईंहरू दुवै जनाका लागि फोनबाटै दोभासेको सुविधा छ ।
तपाईंहरूको जाँचसँग सम्बन्धित भिडियो चित्र पनि छ, हेर्नुहुने हो ? तपाईं पर्खुन्जेलका लागि लगाइदिन्छु है ।

**RESHMA DAHAL-NEPALI GRANDMOTHER** रेशमा दाहाल – नेपाली हजुरआमा

ए ....., हामीले तिम्रो फोनमा हेरेको पनि यही त हो नि, हैन छोरी ?

**SCENE 300**

**DR CHIN**

डाक्टर चिन

नमस्कार श्रीमती से । म डाक्टर चिन हुँ । तपाईं तल्लो पेटको समस्याको कारण आउनुभएको है ? तपाईंको गर्भाशयद्वार र त्यससँग सम्बन्धित अरू जाँच पनि गरिहाल्नुपर्ने भएको छ । त्यो जाँच आजै गरे कसो होला ?

**PAW WAH SAY- KAREN GRANDMOTHER**

पव् वाह् से - करेन हजुरआमा

गर्भाशयद्वारको जाँच भनेको के नि डाक्टरसाहेब ?

**DR CHIN**

डाक्टर चिन

यहाँ गर्भाशयद्वार र पाठेघरको चित्र छ । गर्भधारणका बेला बच्चा बस्ने र बढ्ने ठाउँ भनेको यही हो । गर्भाशयद्वार भनेको पाठेघरको तल्लो भाग हो, जहाँबाट बच्चा जन्मदाखेरि निस्कन्छ । गर्भाशयसँग सम्बन्धित जाँच भनेको गर्भाशयद्वारको सतहमा रहेका जीवकोशको नमुना परीक्षण हो । यसले जाँचले ती जीवकोश सामान्य अवस्थामा छन् वा असामान्य अवस्थामा छन् भनेर स्पष्ट पार्दछ । जीवकोश असामान्य अवस्थामा छन् भने तिनीहरूलाई क्यान्सर हुनुअघि नै हटाइन्छ ।

**PAW WAH SAY- KAREN GRANDMOTHER**

पव् वाह् से - करेन हजुरआमा

गर्भाशयद्वारको जाँचले क्यान्सर भएको देखायो भने के गर्ने नि ?

**DR CHIN**

डाक्टर चिन

क्यान्सरले गर्भाशयद्वार मात्र प्रभावित छ भने क्यान्सर लागेको भाग मात्र काटेर फाल्ने । पुरै गर्भाशय प्रभावित छ भने चाहिँ पाठेघर नै फाल्नुपर्ने हुन सक्छ । गर्भाशयद्वारको जाँचलाई धन्यवाद दिनै पर्छ । गर्भाशयद्वारको क्यान्सर पहिले पहिलेको भन्दा आजभोलि कम देखिन थालेको छ र भइहाले पनि धेरैजसो पुरै निको पार्न सकिने खालको छ ।

**PAW WAH SAY- KAREN GRANDMOTHER**

पव् वाह् से - करेन हजुरआमा

मलाई त यस्तो कहिल्यै भएको थिएन, अब के गर्ने त ?

**DR CHIN**

डाक्टर चिन

ठिक छ । केही समस्या नै भएन नि । पहिले जाँच त गरिहालूँ ।

पहिले त तपाईं जाँच्ने टेबुलमा घुँडा माथि गरेर उत्तानो परेर पल्टनुहोस् । म तपाईका दुवै खुट्टा यी होल्डरमा राख्छु । त्यसपछि म यो उपकरण लिन्छु र त्यसलाई तपाईंको गुप्ताङ्गभित्र घुसार्छु । यसो गरेपछि म तपाईंको गर्भाशयको केही भाग देख्न सक्छु । हामीसँग विभिन्न आकारका ऐनादार जाँच्ने यन्त्र छन् तर म सकभर सानो खालको चाहिँ प्रयोग गर्छु । त्यसपछि यो नरम बुरूस लिएर गर्भाशयद्वारको सतहबाट केही जीवकोश जम्मा गर्छु अनि त्यो बुरूस तरल पदार्थसहितको सानो झारीमा राख्छु र परीक्षणका लागि प्रयोगशालामा पठाउँछु । प्रयोगशालाका विशेषज्ञहरूले हामीलाई ती जीवकोशहरू सामान्य छन् वा छैनन् भनेर बताउने छन् ।

**PAW WAH SAY- KAREN GRANDMOTHER**

पव् वाह् से - करेन हजुरआमा

यो गर्भाशयद्‌वारको क्यान्सर चाहिँ के कारणले हुँदो रहेछ नि डाक्टरसाहेब ?

**DR CHIN**

डाक्टर चिन

एच पी भी नामको विषाणुको सङ्क्रमणले गर्भाशयद्‌वारको क्यान्सर हुने गर्छ । खुसीको खबर के छ भने किशोरी र युवतीहरूका लागि एच पी भी विरूद्धको खोप पनि पाइन्छ र यस खोपले यस्तो रोग लाग्ला कि भन्ने चिन्ताबाट मुक्ति दिन्छ ।

**SCENE 301**
दृश्य ३०१
**DR MCALLISTER**
डा. म्याकएलिस्टर

सब्बै ठिक छ । वाह... , खोकी पनि निको भइसकेछ । तपाईं मजासँग सुतिरहनु भएको रहेछ र चिन्ता पनि कम ... । अनि मायाको खबर के छ ?

**SUNITA SAPKOTA- NEPALI MOTHER** सुनिता सापकोटा – नेपाली आमा

हजुर, सब ठिक छ ।

**DR MCALLISTER**
डा. म्याकएलिस्टर

सुन्नुहोस् । तपाईँको गर्भाशय जाँच पहिले डाक्टर चिनले गर्नुभएको हो, आज फेरि गर्नुपर्छ । के तपाईँलाई फेरि महिला डाक्टरले नै जाँच गरिदिए हुन्थ्यो भन्ने लाग्दै छ ?

**SUNITA SAPKOTA- NEPALI MOTHER** सुनिता सापकोटा – नेपाली आमा

हजुर, त्यसो हुन सके बेस हुन्थ्यो ।

**DR MCALLISTER**
डा. म्याकएलिस्टर
हुन्छ नि । राम्रो कुरा । मैले राम्ररी बुझेको छु । मेरी सकहर्मी डाक्टर चिनले एउटा बिरामीको जाँचको कार्यक्रम रद्द गर्नुभएको छ, फेरि अर्को काम पनि छ । त्यसैले उहाँले तपाईंलाई केही मिनेटमै जाँच्नुहुनेछ । ठिक छ हैन त ?

**SUNITA SAPKOTA- NEPALI MOTHER** सुनिता सापकोटा – नेपाली आमा

हजुर ठिक छ । हजुरलाई धेरै धेरै धन्यवाद ।

**SCENE 302**
दृश्य ३०२
**DR CHIN**
डाक्टर चिन
ल, रेशमाजी । हामीले गर्नुपर्ने सबै गरिसक्यौँ । तपाईंलाई कस्तो लाग्यो त ?

**RESHMA DAHAL-NEPALI GRANDMOTHER** रेशमा दाहाल – नेपाली हजुरआमा

असाध्य राम्रो । मलाई त दुख्दा पनि दुखेन ।

**DR CHIN**
डाक्टर चिन

ओहो, त्यो त गजब भयो नि । एक हप्ताजतिमा अब त्यसको नतिजा पनि आइहाल्छ । तपाईं रगत बग्ने समस्या अलिकति मासु बढेको कारण भएको रहेछ, त्यो पनि मैले हटाइदिएँ । म त्यसको परीक्षणका लागि त्यसलाई प्रयोगशालामा पठाइदिँदै छु । तर त्यो क्यान्सरजस्तो छैन है ।
**RESHMA DAHAL-NEPALI GRANDMOTHER** रेशमा दाहाल – नेपाली हजुरआमा

मेरो समस्या अलिकति मासु मात्र पलाएको तर क्यान्सर नभएको कुरा थाहा पाएपछि म साँच्चिकै खुसी छु । मेरो रगत बग्ने समस्या अब रहन्छ त ? फेरि अर्को जाँचको लागि आउनुपर्ने हो कि होइन त्यो पनि जान्न पाए हुन्थ्यो । म बसेको ठाउँ टाढा छ र मलाई गाडी चलाउन पनि आउँदैन, त्यसैले गाह्रो पो छ त ।

**DR CHIN**
डाक्टर चिन

रगतका एक दुई थोपा वा दाग मात्र देखिन सक्लान् तर धेरै रगत बग्दैन । अब नतिजा हेरिहालौँ, तपाईँले तिन तिन वर्षमा यस्तो जाँच फेरि फेरि गराउनुपर्ने हुन सक्छ । म तपाईँलाई भनिहाल्छु नि रिपोर्ट आएपछि । कोही कोही महिला त जरूरत पर्नेहरूका लागि यातायात सहयोग प्रदान गर्न पनि रूचाउँछन् । तपाईँको लागि कोही त्यस्तै सहयोगी मिलिहाल्छन् कि भनेर हामी विचार गरिदिन्छौँ नि ।

**RESHMA DAHAL-NEPALI GRANDMOTHER** रेशमा दाहाल – नेपाली हजुरआमा

हजुर, धेरै धेरै धन्यवाद ।

**SCENE 400**
दृश्य ४००

**RESHMA DAHAL-NEPALI GRANDMOTHER** रेशमा दाहाल – नेपाली हजुरआमा

माया सुन त । दिक्क लाग्यो भनेर आमाको फोन तानेर खेलिरहेकी त छैनौ ?

**MAYA SAPKOTA- NEPALI DAUGHTER** माया सापकोटा – नेपाली छोरी

अँ भन्या । यो लुगाको डुङ्गुर देखेरै हैरान भइसकेँ ....।

**SUNITA SAPKOTA- NEPALI MOTHER** सुनिता सापकोटा - नेपाली आमा

कति राम्रो कुरा । आफू स्वस्थ भएको थाहा पाएपछि आशीर्वाद दिनुपर्छ नि । अनि आशीर्वाद फलेफुलेको हेर्न पनि यहाँ भइरहनु कति राम्रो ... यस्तो लाग्दैन हजुरलाई ?

**RESHMA DAHAL-NEPALI GRANDMOTHER** रेशमा दाहाल – नेपाली हजुरआमा

यो कुरा साँचो हो भनेर त भन्दै छु नि । दुई वर्षअघि नेपालमा काकी क्यान्सर भएर बित्नुहुँदा मलाई कम्ती दुःख लागेको थियो र ? जब जाँच गर्नुपर्छ भन्ने मनमा लाग्यो अनि त्यो पीडा, सास्ती र निधनको कुरा याद भयो, जुन मलाई पर्दै नपरोस् भन्ने म चाहन्छु ।

अहिले त्यो समस्या समाधान भइसकेको र केही तुस बाँकी नरहेको कुरा थाहा पाउँदा हाइसन्चो भएको छ । काकीलाई पनि त्यति बेलै रोगको रोकथाम गरी बचाउन पाएको भए कति राम्रो हुन्थ्यो ।

**SUNITA SAPKOTA- NEPALI MOTHER** सुनिता सापकोटा - नेपाली आमा

हो नि त । एच पी भी खोपबाट महिलामा हुने क्यान्सरको खतरा रोक्ने र बढ्न नदिने कार्य गर्न सकिन्छ । यतातिर हामी सबैले सोच्नुपर्छ भन्ने मेरो विचार छ ।

**MAYA SAPKOTA- NEPALI DAUGHTER** माया सापकोटा - नेपाली छोरी
आमा, मेरो साथी डेनीलाई खबर गर्नु थियो ... हजुरको फोन चलाउँ ?

**SUNITA SAPKOTA- NEPALI MOTHER** सुनिता सापकोटा - नेपाली आमा

पहिले यस्ता कुरा केही थिएनन् अहिले यी कुरा नभई भएन । अमेरिकाको जिन्दगानी नै बेग्लै...

**RESHMA DAHAL-NEPALI GRANDMOTHER** रेशमा दाहाल – नेपाली हजुरआमा

ल ल अब जाउँ । हामीलाई हाम्रो विगतसँग र एकअर्कासँग बाँधिरहने परम्परामध्येको एउटा हो यो । ढिलो गरेर त्यसको अपमान नगरौँ । जाउँ, गइहालौँ ।

**SUMMARY POINTS**
**सारांशमा बुँदाहरू**

२१ वर्षदेखि ६५ वर्षसम्मका महिलाहरूले गर्भाशयसम्बन्धी क्यान्सरको जाँच गराउनुपर्छ ।

गर्भाशय जाँचमा क्यान्सरको कारकका रूपमा रहेका असामान्य जीवकोशको परीक्षण हुन्छ ।
असामान्य जीवकोश भेटिएमा क्यान्सर फैलिन नदिनका लागि विशेष उपचार गरिन्छ ।
गर्भाशय जाँचले कुनै लक्षण नदेखिएका र समस्या नभएका महिलामा पाइने क्यान्सर पनि पत्ता लाग्छन् । बेलैमा पत्ता लागेको क्यान्सर ठुलो चिरफार नगरिकनै निको पार्न सकिन्छ ।
गर्भाशयद्वारको क्यान्सरका जाँचहरू सरल हुन्छन् र केही मिनेट मात्र लाग्ने खालका हुन्छन् ।
नियमित जाँचहरूले महिलाहरूलाई स्वस्थ रहन र परिवारको हेरचाह गर्न सहयोग प्रदान गर्दछन् ।